<u>वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को आर्थिक ऐन</u>

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम **वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक ऐन २०७५** रहेको छ ।
   (२) यो ऐन २०७५ साल श्रावण १ गते देखि वारागुङ मुक्तिक्षेत्र गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।
२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसुचि-१ वमोजिम घरजग्गा कर लगाईने र असूल गरिनेछ ।
३. **भूमि कर मालपोतः** गाउँपालिका क्षेत्र भित्र अनुसूचि-२ वमोजिम भूमि कर मालपोत लगाईने र असूल उपर गरिनेछ ।
४. **घर जग्गा बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि-३ वमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।
५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।
६. **जडिवुटी, कवाडी र जिवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा सँस्थाले ऊन खोटो जडिवुटी कवाडी माल प्रचलित कानून बमोजिम निषेधित वनजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड सीङ प्वाख छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत पाईने जडिवुटी कवाडी तथा जिवजन्तुको संकलन तथा निकासीमा अनुसूची-५ बमोजिम कर लगाईने तथा असुल उपर गरिनेछ ।
७. **सवारी साधन करः** प्रदेश सरकारले निर्धारण गरेवमोजिम सवारी साधन कर लगाईने छ । सो सवारीको दर्ता तथा सिफारिस वापत अनुसुचि-६ बमोजिम सवारी दर्ता तथा नविकरण सिफारिस शुल्क लिईने र असुल उपर गरिनेछ।
८. **विज्ञापन करः** यस गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा प्रदेश कानुनमा भएको व्यवस्था अनुसार विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । सो को बाँडफाँड प्रदेश कानुन अनुसार हुनेछ ।
९. **मनोरन्जन करः** यस गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानुनले निर्धारण गरे अनुसारको शुल्क लिईने र असुल गरिनेछ ।
१०. **पर्यटन शुल्कः** गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट प्रदेश कानुनले निर्धारण गरे अनुसारको शुल्क लिईने र असुल उपर गरिनेछ ।
११. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसुचि-७ वमोजिमका उल्लेखित पुर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीहरुबाट सोही अनुसार अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।
१२. **कर छुटः** यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।
१३. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमाभएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले निर्धारण गरे अनुसार हुनेछ ।

अनुसूची- १

आर्थिक ऐनको दफा (२) संग सम्वन्धित

**सम्पति करः** गाउँपालिकाको सम्पति कर गाउँ कार्यपालिकाले निर्णय गरेको तथा स्थानीय जनताको सुझाव अनुसार भएको मुल्याङ्कनको आधारमा सम्पति कर संकलन गरिने तथा असुल उपर गरिनेछ । सो को लागि गाउँ कार्यपालिकालाई आवश्यक प्रबन्ध मिलाउन अधिकार प्रत्यायोजन समेत यसै ऐन अनुसार गरिएको छ ।

अनुसूची- २

आर्थिक ऐनको दफा (३) संग सम्वन्धित

**भुमिकर मालपोतः**गाउँसभाले पास गरे अनुसार भूमि तथा मालपोत कर निम्नानुसार संकलन गरिनेछ ।

वारागुङ मुक्तिक्षेत्रको सवै वार्डहरुमा खेतियोग्य जग्गा कायम गरि ३ रोपनी सम्मको जग्गामा प्रति रोपनी रु ५०/- का दरले बाँकी ३ रोपनी भन्दा वढी जग्गामा प्रति रोपनी थप रु २० का दरले मालपोत कर सँकलन गरिने तथा असुल उपर गरिनेछ ।

अनुसूची- ३

आर्थिक ऐनको दफा (४) संग सम्वन्धित

**घर जग्गा बहाल करः**वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा सँस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा छप्पर कारखाना जग्गा वा पोखरी पुरै वा आँशिक तवरले बहालमा दिएकोमा त्यस्तो व्यक्ति वा सँस्थाले आफुले सँकलन गर्ने गरि सम्झौता गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम घर जग्गा बहाल कर बापत गाउँपालिकालाई तिर्नु वा वुझाउनु पर्ने छ । यसरी नवुझाएमा गाउँपालिकालाई प्राप्त सुचनाको आधारमा उक्त रकम असुल उपर गरिनेछ ।

अनुसूची- ४

आर्थिक ऐनको दफा (५) संग सम्वन्धित

**व्यवसाय करः** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको क्षेत्र भित्र कुनै व्यापार व्यवसाय वा सेवामा गरेको पुँजिगत लगानी वा आर्थिक कारोवारको आधारमा तपसिल वमोजिमका व्यवसायमा तपसिल अनुसारको कर सँकलन गरिने वा असुल उपर गरिनेछ ।

**ब्यबसाय कर**

होटल ब्यबसाय कर-अनुमानित वार्षिक आम्दानी गर्नसक्ने क्षमताको आधारमा होटल वर्गीकरण गरि निम्नानुसार कर संकलन गर्ने तथा असुल उपर गरिनेछ ।

| वर्ग | अनुमानित वार्षिक आम्दानी क्षमता | वार्षिक कर रकम | |
|---|---|---|---|
| क | ३० लाख देखि माथि सम्म | १०,०००/- | |
| ख | २० लाख देखि ३० लाख सम्म | ८,०००/- | |
| ग | १० लाख देखि २० लाख सम्म | ६,०००/- | |
| घ | १ लाख देखि १० लाख सम्म | ४,०००/- | |
| ङ | १ लाख सम्म | २,०००/- | |

होटल वाहेक अन्य तल उल्लेखित व्यवसायमा तपशिल बमोजिमको कर संकलन गर्ने तथा असुल उपर गरिनेछ ।

| ब्यबसायको प्रकार | वार्षिक कर रकम | |
|---|---|---|
| होलसेल पसल | १०,०००/- | |
| किराना पसल | ३,०००/- | |
| ब्लक उद्योग | ५,०००/- | |
| ग्यारेज | ५,०००/- | |
| हार्डवेयर पसल | १००००/- | |
| मोटरसाइकल ग्यारेज | २,०००/- | |
| फर्निचर उद्योग | ७,०००/- | |
| बैक प्रति शाखा | १००००/- | |
| फुटपाथ पसल | वार्षिक १०००/- वा प्रति दिन १००/- का दरले | |
| सवारी साधनबाट मालसमान विक्री गर्नको लागि प्रति सवारी | १००००/- वार्षिक वा प्रत्येक पटक रु ५००/- का दरले | |
| सवारी साधनबाट मालसमान विक्री सानो सवारीको | ५०००/- वार्षिक वा प्रत्येक पटक को रु २५०/- का दरले | |
| वस तथा जिप काउन्टर | १२०००/- वार्षिक प्रति काउन्टर | |

## अनुसूची- ५
### आर्थिक ऐनको दफा (६) संग सम्वन्धित

| क्र सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | कृषि जन्य बस्तु निकासीमा लाग्ने कर | | |
| | उवा/खुर्पानी/आलु/स्याउ प्रति ट्रक ठुलो | रु. ५०००/- | |
| | उवा/खुर्पानी/आलु/स्याउ प्रति ट्रक मिनी | रु. ३५००/- | |
| | उवा/खुर्पानी/आलु/स्याउ प्रति ट्याक्टर | रु.३०००/- | |
| २ | पशु निकासीमा लाग्ने कर | | |
| | याक प्रति पशु | रु.१०००/- | |
| | याक डिमु | रु.५००/- | |
| | च्याङ्ग्रा प्रति गोटा | रु.१००/- | |
| | कवाडी संकलन | निशुल्क | |

## अनुसूची- ६
### आर्थिक ऐनको दफा (७) संग सम्वन्धित

यस गाउँपालिका अन्तर्गतका सवारी धनीहरुले सवारी साधन दर्ता तथा नविकरण गर्दा कार्यालयबाट सिफारिस माग गर्दा तथा यस गाउँपालिकाले निर्माण गरेका सार्वजनिक निर्माणको सेवा लिनको लागि प्रत्येक आर्थिक वर्षमा तपसिल बमोजिम सिफारिस शुल्क लिईनिनेछ ।

सवारी साधन दर्ता/नवीकरण सिफारिस शुल्क देहाय बमोजिम लिईनेछ :-

| सवारी साधन | सिफारिस शुल्क (वार्षिक) |
|---|---|
| चेन भएको एक्सभेटर | १०,०००/- |
| टायर जे.सी.भी | ५,०००/- |
| ट्रक,टिपर,बस | ३,०००/- |
| जिप,ट्याक्सी (हरियो,रातो प्लेट) | २,०००/- |
| जिप,ट्याक्सी (कालो प्लेट) | १,५००/- |
| ट्याक्टर | १,५००/- |
| मोटर साईकल | २५०/- |

अनुसूची- ७
आर्थिक ऐनको दफा (८) संग सम्बन्धित

| सि.नं | सेवाको प्रकार | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकताको सिफारिस | २००।– | |
| २ | नाता प्रमाणित | ५००।– | |
| ३ | चार किल्ला प्रमाणित | ५००।– | |
| ४ | जग्गा नामसारि | २००।– | |
| ५ | जन्ममिति प्रमाणित | २००।– | |
| ६ | वैवाहिक सम्बन्ध सिफारिस | २००।– | |
| ७ | प्रमाणित सिफारिस | २००।– | |
| ८ | खानेपानी/विद्युत मिटर जडान /नामसारी | २००।– | |
| ९ | करचुक्ता सिफारिस | १००।– | |
| १० | पूर्जामा फोटो टाँस सिफारिस /प्रतिलिपि | २००।– | |
| ११ | पेन्सनपट्टा सिफारिस | ३००।– | |
| १२ | घरबाटो खुलेको सिफारिस | ५००।– | |
| १३ | आयश्रोत सिफारिस | प्रतिलाख रु,५०।– | |
| १४ | सम्पति मुल्यांकन (विदेशका लागि) | | बीस लाख भन्दा बढी प्रति लाखमा रु १०० दरले अतिरिक्त शुल्क लाग्ने |
| | | १०००।– | पाँच लाख सम्म |
| | | २०००।– | दश लाख सम्म |
| | | ३०००।– | बीस लाख सम्म |
| १५ | सम्पति मुल्यांकन (स्वदेशका लागि) | | बीस लाख भन्दा बढी प्रति लाखमा रु ५० दरले अतिरिक्त शुल्क लाग्ने |
| | | ५००।– | पाँच लाख सम्म |
| | | १०००।– | दश लाख सम्म |

| | | | |
|---|---|---|---|
| | | १५००।– | वीस लाख सम्म |
| १६ | अपाङ्गपरिचय पत्र सिफारिस | निःशुल्क | |
| १७ | ब्यहोरा प्रमाणित | २००।– | |
| १८ | संस्था दर्ता सिफारिस | ५००।– | |
| १९ | व्यवसाय/उधोग दर्ता | ५०००/- | पन्ध्रलाख भन्दा वढी स्थिर पुँजी भएको |
| | | ५००।– | एक लाख सम्म स्थिर पुँजि भएको |
| | | १०००।– | पाँच लाख सम्म स्थिर पुँजि भएको |
| | | २०००।– | पन्ध्र लाख सम्म स्थिर पुँजि भएको |
| | व्यवसाय नवीकरण | १००।–<br>२००।–<br>३००।–<br>५००/- | |
| २० | जन्मदर्ता | निः शुल्क | ३५ दिन नाघेपछि रु,१००।– |
| | विवाहदर्ता | निः शुल्क | ३५ दिन नाघेपछि रु,१००।– |
| | मृत्यूदर्ता | निः शुल्क | ३५ दिन नाघेपछि रु,१००।– |
| | वसाईसराई दर्ता | ५००/- | |
| | सम्वन्ध विच्छेद | ५००/- | |
| २१ | दैवि प्रकोप सिफारिस | निः शुल्क | |
| २२ | नक्सापास प्रमाण | अभिलेखिकरणको प्रति स्क्वायर फुट रु २ का दरले नँया नक्सा पास प्रति स्क्वायर फुट रु ५ का दरले । | |